# घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सुखड, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रहरी सेवा करारमा पदपुर्ती सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७६।११।०४ गते)

घोडाघोडी नगरपालिकाको प्रशासन शाखा अर्न्तगत रहने गरी देहायको पद, संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा पदपुर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध दिन भित्र कार्यालय समयमा दरखास्त दस्तुर तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फाराम, दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.ghodaghodimun.gov.np बाट उपलब्ध हुनेछ ।

१)

| पदको नाम | आवश्यक संख्या | | | | |
|---|---|---|---|---|---|
| | खुला | समावेशी | | | |
| | | महिला | आदीवासी जनजाती | दलित | अल्पसंख्यक |
| नगर प्रहरी हवल्दार | माग पद संख्या -१ (वि.नं.६/०७६/०७७) | माग पद संख्या -१ (वि.नं ७./०७६/०७७) | - | - | - |
| नगर प्रहरी जवान | माग पद संख्या -७ (वि.नं. ८/०७६/०७७) | माग पद संख्या -२ (वि.नं ९./०७६/०७७) | माग पद संख्या -१ (वि.नं १०./०७६/०७७) | माग पद संख्या -१ (वि.नं. ११/०७६/०७७) | माग पद संख्या -१ (वि.नं. १२/०७६/०७७) |

२) आवश्यक योग्यता :

**(क) नगर प्रहरी हवल्दारको लागि:**

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा २१ वर्ष पुगेको र ३५ वर्ष ननाघेको,
(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा एस.ई.ई. उत्तीर्ण गरेको,
(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,
(उ) पूरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको।
(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

खगेन्द्र बहादुर सिंह
नि.प्रमुख प्रशासकीय अधिकृत

**(ख) नगर प्रहरी जवानको लागि:**

(अ) दरखास्त आव्हान भएको अन्तिम म्यादसम्ममा घटिमा १८ वर्ष पुगेको र ३० वर्ष ननाघेको,
(आ) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा एस.ई.ई. उत्तीर्ण गरेको,
(इ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
(ई) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको,
(उ) पूरुषको लागि घटिमा ५ फिट २ इन्च र महिलाको लागि घटिमा ५ फिट उचाई भएको।
(ऊ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।
(ऋ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
(ए) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
(ऐ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**३) दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता ( लब्धाङ्क र चारित्रिक) को प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ । पूर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्बन्धित निकायबाट सेवा गरेको अनुभव पत्र दरखास्त सँगै बुझाउनु पर्नेछ ।

**४) परीक्षाको किसिम** : शारीरिक परीक्षण, लिखित र अन्तरवार्ता ।

**५) परीक्षा केन्द्र** : नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

६) **दरखास्त फारम पाईने ठाँउ** : घोडाघोडी नगरपालिका कार्यालयको प्रशासन शाखा ।
७) **दरखास्त दस्तुर** :नगर प्रहरी हवल्दारको लागि रु.४००, :नगर प्रहरी जवानको लागि रु.३०० ।
८) **दरखास्त बुझाउने ठाँउ** : घोडाघोडी नगरपालिका कार्यालयको राजश्व शाखा ।
९) **दरखास्त दिने अन्तिम मिति** : सुचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र । अन्तिम दिन सार्वजनीक विदा परेको भए दास्रो दिन कार्यालय समय भित्र । (दोब्बर दस्तुरमा दरखास्त दिने व्यवस्था नरहेको) ।
१०) **सम्पर्क मिति :** दरखास्त पेश गर्ने अन्तिम मितिको तेस्रो दिन ।
११) **तलब स्केल:** नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।
१२) नगरपालिकाको स्थायी बासिन्दालाई पहिलो प्राथमिकता दिईनेछ ।
१३) **सम्पर्क नं. :** ०९१-४०३०६४

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने कागजातहरु :**

समावेशी समूह तर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरुको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) अल्पसंख्यकको हकमा : सुचिकृत भएको सुचीको आधारमा ।

घोडाघोडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

खगेन्द्र बहादुर सिंह
नि.प्रमुख प्रशासकीय अधिकृत